# महान्यायाधिवक्ताको कार्यालय

(..........कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- १४२३

मिति :- २०७९।१२।१५

बिषयः परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

प्रस्तुत विषयमा सर्वोच्च अदालतको च.नं. १६७७ मिति २०७९/१२/१२ को पत्रानुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११७ को व्यवस्थाअनुसार केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको मिति २०७९/११/१९ गते बसेको बैठकबाट भएको देहायको निर्णय कार्यान्वयनका लागि यस कार्यालयमा प्राप्त हुन आएकोले सो सम्बन्धमा आवश्यक सहयोग र समन्वयका लागि निर्देशानुसार अनुरोध गरिन्छ।

देहायः

१. म्याद तामेलीमा सरोकारवालाबीचको समन्वय सम्बन्धमा अदालतबाट जारी भएको जुनसुकै ब्यहोराको म्याद सूचना प्रचलित संहिता तथा अदालतसँग सम्बन्धित नियमावलीले तोकेको समयावधि भित्र रितपुर्वक तामेल गर्न गराउन सहयोग गर्नु सबैको कर्तव्य रहेको र आजको बैठकमा प्रस्तुत भएको म्याद तामेलीको विवरण हेर्दा बेपत्ते म्यादको संख्या अधिक रहेको देखिदा म्याद छिटो, छरितो एवं रितपुर्वक तामेल भएमा शिघ्र न्याय प्राप्ती र न्यायमा सहज पहूँच अभिवृद्धि गर्न अपेक्षित सहयोग पुग्ने हुँदा शिघ्र रित पुर्वक म्याद तामेल गर्न गराउन ।

२. मिति २०७८/०६/०५ मा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ जारी भई गृह मन्त्रालय अन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको गठन भई उपत्यकाको हकमा विभागले नै कार्यान्वयन गर्ने गरी र बाँकी ७४ जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन भई कार्यरत रहेको देखिदा अब उप्रान्त पूर्व तयारीको लागि १ महिनाको समय प्रदान गरी मिति २०८० साल वैशाख १ गतेदेखि उक्त ऐन तथा नियमले निर्दिष्ट गरे बमोजिमका प्राबधानहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन समन्वयात्मक ढंगले कार्य सम्मादन गर्ने।

२०७९।१२।१५

(श्याम उप्रेती)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

Scanned with CamScanner